# कृषिमा परनिर्भता बढ्दो

- ७ महिनामा ५ अर्बको चामल आयात

रोशन अधिकारी




काठमाडौं, चैत्र ४ -
बितेको ७ महिनामा ५ अर्ब रुपैयाँभन्दा बढीको चामल आयात भएको छ । चामलसँगै बढेको कृषिजन्य उत्पादनको तथ्यांक हेर्दा नेपाली भान्सामा सात महिनामै करिब ११ अर्ब रुपैयाँको विदेशी सामान प्रयोग भएको छ । यसपटक देशभित्र धानको उत्पादन घट्दा चामलको मात्रै आयात २ सय १० प्रतिशत बढेको छ ।

चामलसहित चालू आर्थिक वर्ष अत्यधिक रूपमा आयात भएका वस्तुमा तरकारी, चिनी, नुन, मासुदेखि बालबालिकाको खाना र दुग्धजन्य उत्पादनसम्म छन् । तरकारीबाहेक सबै वस्तुको आयात २ सय प्रतिशतभन्दा बढीले वृद्धि भएको छ ।

आन्तरिक उत्पादन घटेपछि चामललगायत खाद्य वस्तुको आयात ह्वात्तै बढेको हो । यसले शोधनान्तर स्थिति, व्यापार घाटा र मूल्य वृद्धिमा सिधा असर परेको छ । खाद्य वस्तुको आयातले शोधनान्तर स्थिति -मुलुकबाट बाहिरिने र भित्रिने रकमको अन्तर) मा चालू वर्षको हरेक महिना ठूलो परिवर्तन देखिन थालेको छ ।

'माग बढ्नु तर त्यसअनुसार उत्पादन हुन नसक्दा आयात बढेको हो,' अर्थविद् पोषराज पाण्डेले भने, 'उत्पादनशील क्षेत्रको अवस्थामा सुधार नआउनु र यस्तै अवस्था रहनु भनेको ज्यादै डरलाग्दो हो ।' सरकारले चामल अभावबारे गरेको अनुमानभन्दा बढी आयात भइसकेको उनी बताउँछन् । 'आयात भएको सबै व्यावसायिक प्रयोजनलाई हो,' उनले भने, 'जुन वास्तविक मागकै कारण हुन्छ ।' यस वर्ष देशभित्र धानको उत्पादन करिब १० प्रतिशतले घटेको छ ।

रेमिट्यान्सबाट भित्रिएको रकमले उपभोग बढाउनु तर त्यसअनुसारको उत्पादन नहुनुले यस्तो अवस्था आएको पाण्डेको विश्लेषण छ । 'भित्रिएको रेमिट्यान्सलाई बैंकहरूले पनि उत्पादनमूलक क्षेत्रमा लगाएका छैनन्,' उनले भने, 'राष्ट्र बैंकले पनि यसमा ध्यान नदिए जस्तो देखिन्छ ।' विदेशमा कमाएको रकम उपभोगमै प्रयोग गरेर सिध्याउँदै जाने प्रवृत्तिले अर्थतन्त्रमा ठूलो समस्या ल्याउन सक्ने उनी बताउँछन् । कुल गार्हस्थ उत्पादनको करिब ९२ प्रतिशत उपभोगमा खर्च हुन्छ ।

७ महिनाको अवधिमा २ अर्ब ८४ करोड रुपैयाँको तरकारी, २ अर्ब ४ करोडको बालबच्चाको खाना र दुग्धजन्य उत्पादन आयात भएका छन् । योसँगै १ अर्ब ४ करोडको चिनी, ३५ करोडको नुन र ६३ करोडको जिउँदा जनावर आयात भएको छ । दैनिक उपभोगका सामानको आयात बढेर मुलुकको परनिर्भरता अझ बढेको अर्को अर्थविद् चिरञ्जीवी नेपाल बताउँछन् । 'विदेसिनेको संख्या बढ्दै जाँदा खेत बाँझो हुन थाले र आयात गरेर खानुपर्ने अवस्था आयो,' नेपालले भने, 'आगामी दिनमा यो अझ बढ्ने देखिन्छ ।' सरकारको प्राथमिकतामा कृषि क्षेत्र नपर्नुले समस्या बढेको उनी बताउँछन् । 'करिब ६७ प्रतिशत कृषिमा आश्रति जनसंख्या छ,' उनले भने, 'जसलाई सहयोग गर्ने र उत्पादन बढाउने योजनाले प्राथमिकता पाएन ।' यसपटक धानसँगै अन्य वर्षेबाली मकैको उत्पादन पनि घटेको छ । अर्थतन्त्रमा धान र मकैको हिस्सा करिब १० प्रतिशत छ । कृषिजन्य उत्पादनमा भएको कमीले आयात बढाएको मात्र नभई आर्थिक वृद्धिदरसमेत प्रभावित बनेको छ । यस वर्षको वृद्धिदर ३ दशमलव ५ प्रतिशतभन्दा न्यून हुने प्रक्षेपण गरिएको छ । जुन ५ वर्षयताकै न्यून हो ।

भारतबाट औपचारिकको करिब ४० प्रतिशत बराबरकै अनधिकृत आयात हुने गरेको सन् २००२ मा अर्थविद् विनोद कर्माचार्यले गरेको अध्ययनले देखाएको थियो । त्यसयता यसबारे कुनै अध्ययन नभए पनि अनौपचारिक आयातको मात्रा घटेको देखिँदैन । जसको अर्थ अनौपचारिक रूपमा समेत हुने खाद्यान्नको आयात जोड्ने हो भने ७ महिनामै करिब १५ अर्ब रुपैयाँ खर्च भइसकेको छ । भारतबाट आयात हुने वस्तुको मात्रा बढेपछि त्यसले मूल्य वृद्धिमा पनि चाप थपिएको छ । कृषिमा पनि परनिर्भरता बढ्दा मूल्य वृद्धि

मुलुकभित्रबाट नियन्त्रण गर्न कठिन हुन्छ । अधिकांश वस्तुसँगै कृषि उत्पादनको पनि आयात बढेपछि शोधनान्तर बचत न्यून स्थानमा आइपुगेको छ । आर्थिक वर्षको ७ महिनामा शोधनान्तर बचत १ अर्ब ५९ करोड रुपैयाँले बचतमा छ । एक महिनाअघि यो ६ अर्ब ७ करोडले बचतमा थियो ।

आयात बढेपछि व्यापार घाटा पनि उत्तिकै बढेको छ । राष्ट्र बैंकको तथ्यांकअनुसार ७ महिनाको व्यापार घाटा २८ प्रतिशतले बढेर २ खर्ब ७१ अर्ब रुपैयाँ पुगेको छ ।

**प्रकाशितमिति:** २०६९ चैत्र ५ ०९:२०